वर्ष ५, अंक ४
असार २०७१, June 2014

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको अध्यक्षको हैसियतमा ४ श्रावण २०७० मा पदभार ग्रहण गरेपछि चौथो तथा अन्तिम मन्तव्य प्रस्तुत गर्दैछु । यस घडीमा मेरो अध्यक्षतामा भएका प्रमुख कार्यहरू र संस्थाको व्यावसायिकता र विश्वसनीयता प्राप्तीका लागि गर्नुपर्ने थप प्रयासहरूको बारेमा मित्रहरूको जानकारीमा ल्याउन अनुमति चाहन्छु ।

लामो समयको प्रयत्न पश्चात नेपाल सरकारद्वारा लिजमा प्रदान गरिएको ललितपुरको सातदोबाटो स्थित जग्गामा संस्थाको ठूलो लगानी, सरकारको आर्थिक सहयोगका साथै सदस्य तथा बिद्यार्थीहरूको योगदानबाट भवन निमार्ण सम्पन्न भई मिति २०७१/०३/२९ मा सम्माननीय राष्ट्रपति श्री राम वरण यादवज्यूबाट समुद्घाटन भएको छ । यसबाट हाम्रो प्रतिक्षित सपना पूरा भएको छ । निर्मित भवन संस्थाको विकासको लागि कोषेढुङ्गा सावित हुनेछ भन्ने कुरामा म विश्वस्त छु । भवनबाट पर्याप्त आधारभूत सुविधाहरू प्राप्तहुने र केही हदसम्म संस्थाको दीगोपनालाई बलियो पार्ने कुरामा कुनै शंका छैन । यो उपलब्धी प्राप्तीमा नेपाल सरकार, संस्थाका सदस्यहरू, बिद्यार्थीहरूको पूर्ण समर्थन र सहयोगबाट हासिल भएको छ ।

संस्थाका लेखापरीक्षक सदस्यहरूबाट भएका लेखापरीक्षणको कार्यलाई नियमन गर्ने निकायको रूपमा गुणस्तर आश्वस्तता बोर्ड (Quality Assurance Board) को स्थापना गर्ने प्रक्रियामा छलफल भैरहेको छ । यस बोर्डले हाल कायम रहेको Peer Review Board लाई प्रतिस्थापन गर्नेछ । यसबाट स्व: नियमन कार्यलाई बलियो बनाउन मद्दत पुग्नेछ भन्ने मैले आशा तथा बिश्वास लिएको छु ।

तालिम तथा शिक्षाको गुणस्तरलाई लेखाव्यवसायीहरूको अन्तर्राष्ट्रिय परिसंघ (IFAC) ले तयार गरेको मापदण्ड अनुरूप कार्यसंचालन गर्न केही हद सम्म संस्था सफल भएको छ । यसका लागि संस्थाले प्रदान गर्ने शिक्षा तथा तालिमको गुणस्तर IFAC अनुरूप हुने किसिमबाट तयार पार्ने कार्य भैरहेको छ ।IFAC ले तयार गरेको मापदण्ड अनुरूप ३ वर्षको चक्रमा लेखाव्यवसायीहरूलाई १२० क्रेडिड आवर अनवरत व्यावसायिक शिक्षा लिनुपर्ने योजनामा रहेको छ । साथै संस्थाले IFAC को मापदण्ड अनुरूप Code of Ethics/Information System Audit लागु गरेको छ ।

अन्तर्राष्ट्रिय बित्तीय प्रतिवेदन मान (IFRS) को आधारमा धेरै मुलुकका संस्थागत निकायहरूले बित्तीय प्रतिवेदन तयार पार्दै आएको कुरा जानकारी गराउन चाहन्छु । कानूनी रूपमा IFRS अनुरूप मानहरूको घोषणा र कार्यान्वयनको नियमन गर्ने दायित्व संस्थाको हो । यसै परिप्रेक्षमा संस्था देशका बिभिन्न सरकारी संस्थान लगायत धितोपत्र बोर्डमा सूचिकृत बहुराष्ट्रिय उत्पादनमुलक कम्पनीहरूलाई २०१४-१५ बाट IFRS लागु गराउनु प्रयत्नशिल रहेको छ । अन्य साना तथा मझौला संस्थानहरूमा पनि २०१६-१७ भित्र लागु गरी यसलाई पूर्णता दिनेछ । सार्वजनिक संस्थानहरूमा IFRS लागु गर्न संस्थालाई सरकारको पूर्ण समर्थन रहेको तथा सैस्था अर्थ मन्त्रालयसंग निकट समन्वयका साथ कार्यरत रहेको छ । संस्थाको निरन्तर प्रयासको फलस्वरूप यस बारेमा सरकारले स्वीकार गरेकोलाई संस्थाले यसलाई महत्वपूर्ण उपलब्धिको रूपमा लिएको छ । जी २०, युरोपीयन युनियन लगायत विश्वका अन्य मुलुकहरूले IFRS लागु गरेको अवस्था छ । यस सन्दर्भमा IFRS लागु गर्ने नेपालको निर्णयले मुलुकमा लगानीको उपयुक्त बातावरण र अवसर सृजना हुने अपेक्षा गर्न सकिन्छ । यस सिलशीलमा नियमनकारी निकायहरू र व्यवसायीहरू परिवर्तित माग पूरा गर्न सहयोग गर्नुपर्ने आवश्यकता छ

संस्थाले बर्तमान बजार परीदृष्यलाई दृष्टीगत गरी आरए. सदस्यहरूको लेखापरीक्षण सीमा सारभूत रूपमा बृद्धि गरिएको छ । यसबाट सदस्यको

## आई. एफ आर.एस (IFRS) प्रमाणीकरण कोर्ष




IFRS प्रमाणीकरण कोर्षका सहभागीहरू सहित श्रोत व्यक्ति र संस्थाका अधिकारीहरू ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले The Institute of Chartered Accountants of India (ICAI) को प्राविधिक सहयोगमा २८ चैत्र २०७० देखि १४ बैशाख २०७१ सम्म बिभिन्न चरणमा गरी IFRS Certification Course आयोजना गऱ्यो । सो कोर्ष संस्थाका सदस्यहरू लगायत बित्तीय प्रतिवेदन बनाउने बिभिन्न निकायहरूलाई लक्षित गरी संचालन गरिएको थियो । उक्त कोर्ष अन्तर्गत IAS/IFRS को ज्ञान प्रदान गर्नुका साथै सही ढंगबाट बित्तीय प्रतिवेदन प्रस्तुत गर्ने तरिका उपर तालिम केन्द्रित रहेको थियो । बिभिन्न संघ सस्थाहरूमा NFRS लागु गराउने कार्य सुचारू गरिसकेको अवस्थामा यस प्रकारको तालिम महत्वपूर्ण हुने भएकोले यस प्रकारको तालिम ICAI को प्राविधिक सहयोगमा संस्थाले संचालन गर्दै आएको छ । तालिमको संचालन भारतबाट श्रोत व्यक्तिको रूपमा आउनु भएका बिज्ञहरूद्वारा भएको थियो । तालिममा सहभागी संस्थाका २८ सदस्यहरूलाई ३० सी.पी.ई क्रेडिट आवर प्रदान गरिएको थियो ।

## बजेट सम्बन्धी अन्तरक्रिया कार्यक्रम



अन्तरक्रिया कार्यक्रमका सहभागीहरू ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २८ बैशाख २०७१ मा नेपाल सरकारको २०७१/७२ को बजेटको पूर्व छलफलको सन्दर्भमा अर्थविदहरूको सहभागितामा काठमाडौंमा अर्ध दिवशीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । कार्यक्रमको सुरूआतमा संस्थाका उपाध्यक्ष सिए. नरेन्द्र भट्टराईले कार्यक्रमका प्रमुख वक्ता तथा टिप्पणीकार लगायत सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । स्वागतको क्रममा संस्थाका उपाध्यक्षले कार्यक्रमको उद्देश्य तथा

लेखापरीक्षण क्षेत्र बिस्तार हुने र निजहरूलाई जिम्मेवारपूर्ण बनाउने अपेक्षा गरिएको छ ।

संस्थाले २०७२ देखि लागु हुने गरी बिदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरा गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता लिन चाहनेको हकमा एक बर्षे प्रशिक्षण (Internship) गर्नुपर्ने व्यवस्था गरेको छ ।

संस्थाले यसबर्ष बिभिन्न तहका परीक्षाहरू सम्पन्न गरेको छ । यसपाली देखि संस्थाले एकै परीक्षा प्रणाली अनुरूप CAP I देखि CAP III सम्म र जून २०१४ मा संचालन गरेको चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा नयाँ पाठ्यक्रम अनुसार CAP III तह संगै एकै प्रश्नपत्रको आधारमा एकरूपता कायम गरी संचालन गरेको छ । संस्थाका सवै ४ शाखा कार्यलयहरूलाई समेत परीक्षा केन्द्र कायम गरी एकै समयमा परीक्षा संचालन गरिएको छ । बिद्यार्थीहरूको सहजताको लागि यसपाली देखि परीक्षाको नतिजाको निमित्त Online Access प्रदान गर्ने व्यवस्था गरिएको छ ।

सम्पादकीय बोर्ड, लेखक, पाठक, जर्नल समिक्षकहरूलाई मार्गदर्शन र पत्रिकाको गुणस्तर सुधारको लागि सम्पादकीय नीति तर्जुमा गरिएको छ ।

संस्थाले अन्य बर्ष झै यस बर्ष पनि बिभिन्न अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरू संचालन गरेको छ । यस वर्ष संस्थाले The Institute of Chartered Accountants of India (ICAI) को प्राविधिक सहयोगमा IFRS तथा ISA कोर्ष संचालन गरेको छ । हालैमात्र संस्थाले International Taxation कोर्ष पनि संचालन गरेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लेखा व्यवसायको प्रतिस्पर्धी एवं नियमनकारी निकाय भएको कारणले विश्वमा मान्यता पाएका लेखाव्यवसायीहरूलाई केही हदसम्म स्वीकार्ने नीति अवलम्वन गर्न पहलरत रहेको छ । ACCA अध्ययन गरेका हरूको हकमा CAP II तहसम्म छुट र केही हदसम्म शुल्कमा समेत छुट गर्ने नीति अवलम्बन गर्न प्रयाशरत छ ।

हालै परिषद् बैठकले संस्थाको २०१४-१६को राणनैतिक योजना (Strategic Plan) अनुमोदन गरेको छ । यस अनुमोदनबाट संस्थाको दीर्घकालीन नीति तथा योजना संचालन गर्न सहयोग पुग्ने छ ।

हाल सरकारले सार्वजनिक क्षेत्रमा International Public Sector Accounting Standards (IPSAS) लागु गर्न प्रोफेशनलहरूसंग सहकार्यमा सहमत भई यस सिलसिलामा कार्य शुरू गरिसकेको छ । यस क्षेत्रमा सरकारलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सार्वजनिक क्षेत्रको बित्तीय व्यवस्थापन प्रणालीमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिने बिश्वास छ ।

संस्थाले नेपाल सरकारलाई २०७१/७२को बजेट निर्माणमा सुझाउ प्रदान गर्ने उद्देश्यले २०७१ बैशाखमा Pre-budget Discussion Program को आयोजना गरेको थियो । कार्यक्रममा आर्थिक, कर तथा व्यापारिक क्षेत्रका बिज्ञहरूको सहभागितामा संचालन गरिएको थियो । संस्थाले अर्थमन्त्रालयलाई कार्यक्रमबाट प्राप्त बिविध सुझाउ पेश गरेको छ ।

नेपाल चार्टर्ड एकाउनटेन्ट्स संस्थाले आउँदो श्रावण २ र ३, २०७१ मा काठमाडौंमा Governance for Creating Enabling Environment for Economic Development विषय उपर दक्षिण एशियाली लेखा व्यवसायीहरूको परिसंघ (SAFA) को सम्मेलन गर्ने भएको छ । यस प्रकारका कार्यक्रम आयोजनाबाट संस्थाको क्षमता बृद्धि तथा साफा समाजमा विश्वसनीयता बढाउन मद्दत पऱ्याउँछ ।

अनुशासन समितिले हालसम्म समितिमा परेका अनुशासन उल्लङ्घनका निवेदन माथिको अध्ययन तथा छानविन अन्तिम चरणमा पुगेको छ । संस्थाको ऐन, नियम, आचार संहिता, र निर्देशनलाई पालना नगर्ने संस्थाका लेखापरीक्षक सदस्यहरूलाई समितिले कुनै भेदभाव बिना आवश्यक अनुशासनात्मक कारवाही गर्दै आएको छ । संस्थाले अर्थमन्त्रालयका सचिवसंग संस्थाको क्षेत्राधिकार र सदस्यहरू उपर अनुशासनात्मक कारबाही बारेमा बिस्तृत छलफल अगाडि बढाएको छ ।

अघिल्लो बर्ष केही लेखापरीक्षकहरूको विषयलाई लिएर नियमनकारी निकाय, सरकारी निकाय, संस्था र सदस्यका वीचमा नैतिक विषयलाई लिएर निकैने विबाद श्रृजना भयो । यसको समाधानका निमित्त सरोकालवालाहरूसंग औपचारिक तथा अनौपचारिक बैठकहरू भए साथै अतिरिक्त लिखित पत्राचार भई न्यूनतम समझदारीको आधारमा समस्या समाधान भएको छ । आगामी दिनहरूमा हामीले लेखापरीक्षण सेवा प्रदान गर्दा सतर्क रहनुपर्ने देखिन्छ । यस्ता विवादहरू दोहरिनु प्रत्येक सरोकारवालाहरूको लागि चिन्ताको विषय हो ।

हाल सामान्य उद्देश्यको बित्तीय प्रतिवेदन (General Purpose Financial Statement) र निर्दिष्ट प्रकारको बित्तीय प्रतिवेदन (Specific Purpose Financial Statement) को प्रचलन बढेको देखिन्छ । त्यसैले विश्व परिवेशलाई ध्यानमा राखी संस्थाले पनि यस प्रकारको प्रतिवेदनमा जोड दिनुपर्ने देखिन्छ ।

सीपीई लाई बढी से बढी व्यवसायी तथा प्रभावकारी बनाउन यस परिषदले सीपीई क्राइटेरियामा परिमार्जन गरेको छ । उपलब्ध प्रविधिको सहज पहुँच र प्रभावकारितालाई ध्यानमा राखी संस्थाले Online CPE को प्रक्रियालाई अघि बढाएको छ ।

हाल संस्था ERP System को प्रयोगको निमित्त प्रयासरत छ । यसका लागि data entry का कामहरू तीब्र रूपमा भइरहेको छ । यसबाट संस्थाको तथ्याङ्कहरू एकिकृत भई संस्था संचालनमा निकै सहयोग पुग्ने आशा लिइएको छ ।

हाल कायम रहेको Anti Money Laundering Act, Banking and Financial Institution Act / Banking Offence and Punishment Act परिमार्जनको क्रममा रहेकोले संस्थाको तर्फबाट सुझाउ पेश गरिएको छ ।

SAFA, CAPA / IFAC जस्ता क्षेत्रीय तथा अन्तर्राष्ट्रिय लेखाव्यवसायी संस्थाद्वारा आयोजना गरिएका बिभिन्न बैठक तथा सेमिनारहरूमा संस्थाले निरन्तर आफ्नो सहभागिता जनाउँदै आएको छ । सहभागिताबाट सिकेका बिविध पक्षहरू संस्थाको बिकासमा प्रयोग गरिदैं आएको कुरा पनि जानकारी गराउन चाहन्छु ।

निसन्देह रूपमा लेखापरीक्षकले समाजबाट आदर प्राप्त गरेको छ तर अरू व्यवसायको तुलनामा लेखापरीक्षण व्यवसाय प्रति सर्वसाधरणको हेराईसंग तुलना गर्नु जरूरी छ ताकि हामीले आफूप्रति न्याय गर्न सकौं । यो विषय हाम्रो आचरणसंग सम्बन्धित भएको र यो व्यवसाय प्रतिको निर्णयको आधार हुन्छ ।

संस्था तथा व्यवसायीको तर्फबाट सम्माननीय राष्ट्रपति डा. राम बरण यादवज्यूलाई संस्थाको नयाँ भवनको समुद्घाटन समारोहणमा गरीमामय उपस्थिति र भवनको उद्घाटन गरिदिनु भै हामीलाई हौसला प्रदान गर्नु भएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

मेरो कार्यकालमा अपेक्षित रूपमा केही उपलब्धी हासिल हुन नसकेको र अधुरो रहेको भन्नमा मलाई संकोच छैन । संस्थालाई थप उचाइमा पुऱ्याउन मेरो उत्तराधिकारीबाट थप पहल गर्न शुभकामना व्यक्त गर्दै आफ्नो निरन्तर सहयोगको प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

अन्तमा, म पार्षद मित्रहरू, समितिका सदस्यहरू, संस्थाका सम्पूर्ण सदस्यहरू, सरकारी अधिकारीहरू, संस्थाका कर्मचारीहरू जसले संस्थालाई यस अवस्थासम्म पुऱ्याउन सहयोगीको भूमिका निर्वाह गर्नु भएकोमा उहाँहरू प्रति शुद्ध हृदयले सह्राना व्यक्त गर्दछु ।

धन्यवाद !!

असार ३२, २०७१

सिए. महेश कुमार गुरागाई
अध्यक्ष

उपदेयताको बारेमा प्रकाश पार्नु भएको थियो । बृहद आर्थिक अवधारणाको आधारमा कसरी आगामी बजेटमा सुझाउ प्रदान गर्न विगत बर्षका बजेटमा समावेश गराउन नसकिएका पक्षहरूलाई Scale, Spirit र Skill संयोजन सहित बजेटमा समावेश गराउन सकिन्छ, दीगो विकासको आधार र आगामी बजेटमा राज्यको भुमिका सम्बन्धमा कार्यक्रम केन्द्रित रहने जानकारी गराउनु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा रहनु भएको थियो ।

कार्यक्रममा बिभिन्न तीन जना प्रमुख वक्ताहरूले बजेटसंग सम्बन्धित तीनवटा विषयमा आफ्नो धारणा राख्नु भएको थियो ।

कार्यक्रममा प्रमुख वक्ताहरूले गरेको प्रस्तुतिमा बिभिन्न क्षेत्रका बिशिष्ट व्यक्तित्वहरूले टिप्पणी गर्नुभएको थियो ।

कार्यक्रममा प्रथम वक्ताको रूपमा "Structure of the Budget Required for New Nepal to Attain Respectable and Sustainable Economic Growth" विषयमा बोल्नुहुँदै डा. चिरञ्जीवी नेपालले नयाँ नेपाल निर्माणको

लागि हुनुपर्ने बजेटको स्वरूप र बृहद अर्थतन्त्रमा देखापरेका चुनौतिहरूका बारेमा आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो ।



डा. चिरञ्जीवी नेपाल कार्यक्रममा प्रस्तुतीकरणको क्रममा ।

सरकारले बिद्युतीय पहुच नपुगेका ग्रामीण क्षेत्रमा सौर्य उर्जाको बिस्तारमा ध्यान दिनुपर्ने, चिनिया तथा भारतीय पर्यटकहरू आगमन बढाउने नीति अवलम्बन गर्नुपर्ने, कृषि क्षेत्रको विकासलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने, पूँजिगत खर्च बृद्धि गरी सोको सदुपयोग राम्ररी गर्नुपर्ने, बैदेशिक रोजगारीलाई प्राथमिकतामा राख्नु भन्दा स्वदेशमै रोजगारीको अवसर श्रृजना गर्नुपर्ने, करको दरलाई बृद्धि गर्नुभन्दा करको दायरालाई फराकिलो पार्नुपर्ने, अर्थमन्त्रालयको शक्तिलाई बढावा दिनुपर्ने, अनुदान नीतिमा परिमार्जन गर्नुपर्ने, बैदेशिक सहायताको चरम दुरूपयोग रोक्न अर्थमन्त्रालय मार्फतमात्र स्वीकार गरिनुपर्ने र सो सहायतालाई उत्पादकत्व बढाउने क्षेत्रमा लगानी गर्नुपर्ने, बिभिन्न कोषहरूको नीतिगत आधार एउटै बनाउनु पर्ने, मुद्रास्फितिलाई नियन्त्रणमा लिनुपर्ने, सहज बितरण नीति अवलम्बन गर्नुपर्ने, पेट्रोलीयम पदार्थको समायोजन गरिनुपर्ने, जलबिद्युतको बिकासमा जोडदिनुपर्ने (जसबाट समग्र अर्थतन्त्रमा सकारात्मक असर पर्दछ), बैकल्पिक उर्जामा ध्यान दिनुपर्ने, स्वावलम्बन कोषको क्षमता अभिबृद्धि गर्नुपर्ने र साक्षरता दर बृद्धि जस्ता कारकहरूलाई आगामी बजेटले संबोधन गर्नुपर्ने धारणा राख्नु भएको थियो ।

कार्यक्रमको दोश्रो वक्ताको रूपमा "Creating Enabling Environment of doing Business in Nepal in the Perspective of Globalization-Creating Investment Friendly Environment" विषयमा बोल्नुहुँदै डा. पोष राज पाण्डेले बिश्व परिवेशमा नेपालमा लगानी मैत्री वातावरणको श्रृजनाका आवश्यकताका सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा डा. पाण्डेले नेपालको अर्थतन्त्रको बिशेषता प्रस्तुत गर्दै बेरोजगारी व्याप्त रहेको हाम्रो जस्तो राष्ट्रमा रोजगारी श्रृजनामा सरकारले नीजि क्षेत्रलाई प्रोत्साहन गर्न र लगानी मैत्री वातावरणको श्रृजना गर्न नसकेको जिकिर गर्दै बिद्यमान कानुनी अड्चन र अस्थिर नीतिनै यसको प्रमुख कारक रहेको धारणा राख्नु भएको थियो ।

कार्यक्रमको तेश्रो बक्ताको रूपमा "Identification of the Areas of Reform both in Policy and Practice in Income Tax, VAT & Customs for Creating Condusive Environment for Collecting Broad Based Tax Efficiently and Effectively" विषयमा बोल्नुहुँदै संस्थाका पूर्व अध्यक्ष सिए. सुदर्शन राज पाण्डेले आगामी बजेटले आयकर तथा मूल्य अभिबृद्धिकरको नीति तथा प्रयोग र बृहद कर दरका सम्बन्धमा गर्नुपर्ने सुधारका सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो ।

उहाँले कर प्रणालीमा देखिएका बिभिन्न समस्याहरूको विश्लेषण गर्दै आगामी बजेटमा सुधारका संकेत दिन आवश्यक व्यवस्था गर्नुपर्ने धारणा राख्नु भएको थियो ।

वक्ताहरूले गरेको प्रस्तुतिमा बिभिन्न क्षेत्रका बिज्ञहरूले टिप्पणी गर्नु भएको थियो । डा. विश्वम्भर प्याकुरेल, श्री पृथ्वीराज लिगल, श्री दिपेन्द्र बहादुर क्षेत्री, डा. डिल्ली राज खनाल, डा. गोविन्द बहादुर थापा र श्री कमलेश अग्रवालले कर्यक्रममा टिप्पणीका साथै आफ्नो धारणा राख्नु भएको थियो ।

प्रमुख अतिथिको रूपमा बौल्दै नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले बजेट बिनियोजन कार्यसम्पादन (Perfermence) र आवश्यकता (Need)को आधारमा बिनियोजन भएपनि खर्च गर्ने संयन्त्रमा तालमेल हुन नसक्दा समस्या परेको धारणा राख्नु भएको थियो । साथै उहाँले बजेटमा श्रोतहरु मात्र बढाउनु भन्दा श्रोत परिचालनमा जोड दिनु पर्ने धारणा समेत राख्नु भएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईंले कार्यक्रम एकदमै फलदायी भएको धारणा राख्नु भएको थियो । अध्यक्षले उत्पादकत्व बृद्धि गर्न नसक्ने क्षेत्रलाई बन्द गर्ने र उत्पादकत्व बृद्धि गर्न सक्ने क्षेत्रलाई प्रोत्साहन गर्नु पर्ने बिचार राख्नु भयो । संस्था सधैं सरकारी नीति नियममा योगदान पुऱ्याउन सहकार्यको आधारमा अगाडि बढ्न चाहेको धारणा राख्नु भएको थियो ।

कार्यक्रमको अन्तमा परिषद सदस्य सिए. सुरेश देवकोटाले धन्यवाद ज्ञापन सहित कार्यक्रम सम्पन्न भएको घोषणा गर्नु भएको थियो ।

## लेखापरीक्षण प्रतिवेदन ढाँचाको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

मिति २०७०/१२/२१ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र लेखापरीक्षण बोर्डको संयुक्त आयोजनामा काठमाडौंमा आधा दिनको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । लेखापरीक्षणमान बोर्डका कार्यवाहक अध्यक्ष श्री ईश्वर प्रसाद न्यौपानेको स्वागत मन्तव्य दिनु भएको थियो । संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईंले कार्यक्रममा आफ्नो मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा नेपाल लेखापरीक्षणमान, आश्वस्ततामान, परिमार्जन, संसोधन तथा विकास समितिका संयोजक सिए. कुमुद त्रिपाठीले लेखापरीक्षण प्रतिवेदनको ढाँचा सम्बन्धमा प्रस्तुति गर्नु भएको थियो । कार्यक्रमकै क्रममा लेखापरीक्षण प्रतिवेदन ढाँचाको सम्बन्धमा सहभागीहरू वीच छलफल तथा अन्तरक्रिया भएको थियो । लेखापरीक्षणमान बोर्डका सदस्य सिए. ज्ञानेन्द्र बहादुर भारीले धन्यवाद ज्ञापन गरी कार्यक्रमको समापन गर्नुभएको थियो । कार्यक्रमको संचालन संस्थाका सह निर्देशक श्री बिनोद न्यौपानेले गर्नु भएको थियो । कार्यक्रममा ३० जनाको सहभागिता रहेको थियो ।

## सीपीई कार्यक्रम सम्बन्धमा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र संस्थासंग आवद्ध बिभिन्न संस्थाहरूले सदस्यहरूको व्यावसायिक मापदण्ड अनुरूप सेवमा क्षमता बृद्धि गराउने उद्देश्यले देशका बिभिन्न भागमा सीपीई कार्यक्रम सम्पन्न गरियो । त्यस्तै संस्थाले अन्तरक्रिया कार्यक्रम, सेमिनार तथा गोष्ठी, सदस्य क्षमता अभिबृद्धि तालिम र अन्य सीपीई प्रदान गर्ने तालिमहरू संचालन गर्दै आईरहेको छ । आर्थिक वर्ष २०७०/७१ मा संस्था लगायत अन्य आवद्ध संस्थाहरूले गरेको तालिमको बिवरण निम्न रहेको छ ।

| क्र.सं | तलिम संचालक संस्था | कूल सीपीई तालिम संख्या | काठमाडौं | उपत्यका बाहिर |
|---|---|---|---|---|
| १ | ICAN | ९ | ६ | ३ |
| २ | AudAN | १३ | ६ | ७ |
| ३ | PS | ५ | १ | ४ |
| ४ | CAI | २ | ० | २ |
| ५ | PRISM | २ | ० | २ |
| | कूल | ३१ | १३ | १८ |

## सदस्य क्षमता अभिबृद्धि तालिम



सदस्य क्षमता अभिबृद्धि कार्यक्रमको एक झलक ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आफ्ना सदस्यहरूको क्षमता अभिबृद्धि गर्ने नीति अनुरूप देशका बिभिन्न भागमा क्षमता अभिबृद्धि तालिम संचालन गऱ्यो । लेखा तथा लेखापरीक्षण व्यवसायमा समय सापेक्ष

भएका परिवर्तनका व्यवहारिक कुराहरूको साथै वित्तीय प्रतिवेदनको प्रस्तुती बारेमा सदस्यहरूलाई जानकारी गराउने उद्देश्यले कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रमको मिति, स्थान,श्रोत व्यक्तिहरूको र बिषय सर्न्दभको बिवरण निम्न रहेको छ ।

| क्र.सं | स्थान | मिति | श्रोत व्यक्ति | विषय |
|---|---|---|---|---|
| १ | बुटवल, रूपन्देही | जेठ १६ र १७, २०७१ | सिए. प्रेम भुर्तेल<br>श्री. बिनोद न्यौपाने | • Presentation of Financial Statement( Basic Concept, Case Study & Group Discussion<br>• Regulatory Requirement on the Presentation of Financial Statement ( Basic Concept)<br>• Pearl Study<br>• Audit Process ( Pre engagement Phase, Planning/ Programing Phase, Execution/ Reporting Phase, Documentation Phase) and<br>• Stress Management in Nepalgunj |
| २ | इटहरी, सुनसरी | जेठ ३० र ३१, २०७१ | सिए. सुमन ढंगोल<br>आरए. मोहन सुवेदी<br>श्री बिनोद न्यौपाने | |
| ३ | नेपालगंज, बाँके | असार १३ र १४, २०७१ | सिए. प्रेम भुर्तेल<br>श्री. बिनोद न्यौपाने | |

दैनिक चार सत्रमा तालिम संचालन भएको थियो । तालिममा सहभागी संस्थाका सदस्यहरूलाई १५ क्रेडिट आवर प्रदान गरिएको थियो ।

## International Taxation



Certificate Course on International Taxation कोर्षका सहभागीका साथ संस्थाका पदाधिकारीहरू ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले ICAI को प्राविधिक सहयोगमा Certificate Course on International Taxation कोर्ष संस्थाका सदस्य, करका नियमनकारी निकाय, अनुसन्धानकर्ता, शैक्षिक बिद्वत वर्ग, Tax Practitioners लगायत कोर्षमा चाँसो राख्ने व्यक्तिहरूलाई समेटी जून १२ देखि जून २६, २०१४ सम्म संचालन गर्‍यो । यसकोर्षको मुख्य उद्देश्य International Taxationको क्षेत्रमा दक्ष जनशक्ति तयार पार्नु रहेको थियो । कार्यक्रममा १८ जनाको सहभागिता रहेको थियो ।

## बिद्यार्थी सम्बन्धी गतिविधि

### "व्यवस्थापन तथा सञ्चार सीप" तालिम

संस्थाले व्यवस्थापन तथा सञ्चार सीप तालिम नियमित रूपमा संचालन गर्दै आएको छ । यो तालिम CAP III , फाईनल र लेखा प्राविधिज्ञ तहको परीक्षा उत्तीर्ण गरेका बिद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि अनिवार्य गरिएको छ । यस पटक देखि उक्त तालिम संचालन गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) र काठमाडौं विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट (कूसोम) वीच प्रशिक्षण प्रदान गर्ने सम्भौता बमोजिम कूसोम ले प्रशिक्षण कार्यक्रम संचालन गरेको र संस्थाले उक्त कार्यक्रमको गुणस्तर निरीक्षण गरेको छ ।

सो तालिम मार्च २४ देखि अप्रिल १०, २०१४ सम्म संचालन भएको थियो । तालिममा १७ बिद्यार्थीहरूको सहभागिता रहेको थियो । सहभागी मध्ये १३ जना चार्टर्ड एकाउन्टेन्सी परीक्षा तथा ४ जना लेखा प्राविधिक तहको परीक्षा उत्तीर्ण भएका बिद्यार्थीहरूको सहभागिता रहेको थियो । तालिम पश्चात निर्धारित प्रक्रिया पूरा गरिसकेको अवस्थाका CAP III तथा फाईनल तहका बिद्यार्थीहरू संस्थाको सदस्यताको निमित्त योग्य मानिने र लेखा प्राविधिकहरू लेखापरीक्षण अनुमति पत्र प्राप्त गर्न योग्य हुनेछन् ।

डिसेम्वर २०११ देखि अनिवार्य गरिएको यो तालिम संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्ने तथा लेखा प्राविधिक कोर्ष पूरा गर्ने बिद्यार्थीहरूलाई क्रमशः संस्थाको सिए सदस्यता तथा लेखापरीक्षण अनुमति पत्र प्राप्त गर्न अनिवार्य गरिएको छ ।

### वृत्ति मेला (करीयर फेयर)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले बिगत समयमा भैं यसपटक जेष्ठ ७ देखि १०, २०७१ सम्म Asia Pacific Communication Associates Nepal(APCA) Pvt. Ltd. ले काठमाडौंमा आयोजना गरेको वृत्ति मेलामा आफ्नो सहभागिता जनायो । यस फेयरको सहभागिताले नेपालमा नै सिए शिक्षा पढ्न चाहने बिद्यार्थीहरूलाई कार्यक्रम थलोमा नै संस्था सम्बन्धी जानकारी, सिए शिक्षाको महत्व तथा उपादेयता, शिक्षा पश्चात प्राप्त गर्न सकिने संभावित पदस्थापन, रोजगारीको अवसर र संस्थाको सदस्यता समेतको जानकारी प्रदान गराएको थियो । करीव ८०० जनाले मेलामा सिए शिक्षा सम्बन्धी जानकारी प्राप्त गरेका थिए । संस्थासंग आबद्ध कर्मचारीहरू तथा बिद्यार्थीहरूले वृत्ति मेलामा संस्था तथा सिए शिक्षा बारेमा जानकारी प्रदान गर्नु भएको थियो ।

### करीयर काउन्सलिङ्ग

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको बढ्दो चाहनालाई परिपूर्ति गर्न तथा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्व बुझाउन संस्थाले देशको बिभिन्न भागमा नियमित रूपमा करीयर काउन्सलिङ्ग आयोजना गर्दै आईरहेको छ । संस्थाले नेपालमा नै सिए शिक्षा पढ्न चाहने बिद्यार्थीहरूलाई उपत्यका र उपत्यका बाहिरका कलेजहरूमा संस्था सम्बन्धी जानकारी प्रदान गर्नुका साथै सिए शिक्षाको महत्व तथा उपदेयता, शिक्षा पश्चात प्राप्त गर्न सकिने संभावित पदस्थापन, र संस्थाको सदस्यता समेतको जानकारी प्रदान गरिएको थियो । उपत्यका र उपत्यका बाहिर सम्पन्न भएको करीयर काउन्सलिङ्गमा श्रोत व्यक्तिको रूपमा संस्थामा आवद्ध सिए तथा संस्थाका अधिकृतहरू रहनु भएको थियो । कार्यक्रममा करिव १७०० जना जिज्ञासु बिद्यार्थीहरूले उक्त अवसरको फाइदा उठाएका थिए ।

### चार्टर्ड एकाउन्टेन्सी सदस्यता परीक्षा सम्पन्न

विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टन्सी परीक्षा उत्तीर्ण गरी संस्थाको सदस्यताको लागि जून ४ र ६, २०१४मा संस्थाबाट संचालित सिए सदस्यता परीक्षामा कर्पोरेट ल र एडभान्स टेक्सेसन क्रमशः १७२ र १५४ आवेदकले परीक्षाको निमित्त फारम भरेका मध्ये १५४ र १३५ ले मात्र परीक्षा दिएका थिए । संस्थाको नियमानुसार विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टन्सी परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थीले संस्थाले लिने सदस्यता परीक्षा उत्तीर्ण गरी अन्य आवश्यक प्रक्रिया पूरा गरेमा संस्थाको सदस्यता लिन योग्यता प्राप्त गर्नेछन् ।

### जून महिनाको चार्टर्ड एकाउन्टेन्सी परीक्षा सम्पन्न

जून २०१४ मा संस्थाबाट संचालित चार्टर्ड एकाउन्टेन्सी कोर्ष अन्तर्गत बिभिन्न तहको अन्तिम परीक्षा सम्पन्न भएको छ । जून १ देखि ०९, २०१४ सम्म संचालित उक्त परीक्षामा निम्न संख्यामा परीक्षार्थीहरूको आवेदन र सहभागिता रहेको थियो ।

| स.नं | तह | बिवरण | पहिलो समूह | दोस्रो समूह | दुबै समूह | कूल |
|---|---|---|---|---|---|---|
| १ | CAP I(नयाँ) | आबेदक संख्या | | | | ४६९ |
| | | परिक्षामा सामेल | | | | ४५१ |
| २ | CAP II | आबेदक संख्या | १९८ | १५४ | ६२० | ९७२ |
| | | परिक्षामा सामेल | १६४ | १३५ | ५८८ | ८८७ |
| ३ | CAP III | आबेदक संख्या | ९९ | ८७ | १२९ | ३१५ |
| | | परिक्षामा सामेल | ९० | ७६ | १२८ | २९४ |

## सदस्य बर्ग बृद्धि परीक्षा सम्पन्न

जून १ देखि ४, २०१४ सम्म संस्थाबाट संचालित आरए. सदस्य बर्ग बृद्धि परीक्षा कार्यक्रम अन्तर्गत ग तथा घ बर्गका सदस्यहरूको लिखित परीक्षा सम्पन्न भएको छ । संस्थाले अनुभवको आधारमा वार्षिक रूपमा यस प्रकारको परीक्षा संचालन गर्दै आएको छ । परीक्षामा ४ जना ग बर्गका र १ जना घ बर्गका सदस्यले क्रमशः ख वर्ग तथा ग वर्गमा बृद्धिको लागि परीक्षा दिनु भएको थियो । परीक्षा प्रयोजनको निमित्त ६ जना ग वर्गका र २ जना घ वर्गका सदस्यले आवेदन पेश गर्नु भएको थियो । वार्षिक रूपमा परीक्षा जून महिनामा संचालन हुने गरेको छ ।

## बिद्यार्थी भर्ना स्थिति

संस्थामा सिए. अध्ययन गर्न चाहने बिद्यार्थीहरूको भर्नादरमा भएको बृद्धिले संस्थाले प्रदान गर्दै आएको गुणस्तरीयतालाई बल पुऱ्याएको छ । आर्थिक क्षेत्रमा चार्टर्ड एकाउन्टेन्टहरूको आवश्यकता महशुस भएको कारणले पनि यस शिक्षा प्रति बिद्यार्थीहरूको क्रमिक रूपमा आकर्षण बढ्दै गएको देखिन्छ । आर्थिक बर्ष २०६७/ ०६८ देखि २०७०/७१ सम्मको बिद्यार्थी स्थिति निम्न रहेको छ ।

| आर्थिक बर्ष | CAP I | CAP II | CAP III | कूल |
|---|---|---|---|---|
| २०६७/६८ (२०१०/०११) | १२२३ | ५९० | १०३ | १९१६ |
| २०६८/६९ (२०११/०१२) | ५६४ | ५६७ | १०८ | १२३९ |
| २०६९/७० (२०१२/०१३) | १०३८ | ६२५ | २११ | १८७४ |
| २०७०/०७१ (असार १६ सम्म) | १००४ | ९५४ | १७० | २१२८ |

## छात्रबृत्ति वितरण



संस्थाले प्रदान गरेको छात्रबृत्ति वितरण कार्यक्रममा छात्रबृत्ति प्राप्त गर्ने बिद्यार्थीका साथ संस्थाका पदाधिकारीहरू ।

संस्थाले हरेक वर्ष बिभिन्न तहका गरिव, जेहेन्दार, लगनशील र मिहेनती बिद्यार्थीहरूको हौसला बढाउने उद्देश्य अनुरूप छात्रबृत्ति कोष मार्फत पूर्ण तथा आंशिक छात्रबृत्ति प्रदान गर्दै आएको छ । यसलाई निरन्तरता दिंदै यस पटक संस्थाले ४५ जनालाई छात्रबृत्ति प्रदान गरेको छ । बिभिन्न तहमा प्रदान गरिएको छात्रबृत्ति बिवरण निम्न रहेको छ ।

| आर्थिक बर्ष | पूर्ण | आंशिक | कूल |
|---|---|---|---|
| CAP I | ४ | १६ | २० |
| CAP II | ४ | १६ | २० |
| CAP III | ० | ५ | ५ |
| कूल | ८ | ३७ | ४५ |

## Information System Audit (ISA) योग्यता परीक्षाको नतिजा प्रकाशित

ICAI को सहयोगमा २० मे २०१४ मा संचालित Information System Audit (ISA) योग्यता परीक्षाको नतिजा प्रकाशित भएको छ । ICAI को सहयोगमा संचालन हुँदै आइरहेको Information System Audit (ISA) कोर्षको उद्देश्य सिष्टम डेभलपमेन्टमा व्यवसायिक ज्ञानका साथै लेखापरीक्षण क्षेत्रमा यसको प्रयोग र बिकासको जानकारी गराउनु रहेको थियो । परीक्षा १० मे २०१४ मा संचालन गरिएको थियो । परीक्षामा एक जना मात्र उत्तीर्ण हुनुभएको छ ।

# सदस्य सम्बन्धी गतिबिधि

## सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था सम्बन्धमा

आर्थिक वर्ष २०७०/०७१ (असार १६ सम्म) मा सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था स्थिति तथा नवीकरणको स्थिति निम्न बमोजिम रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| एफसिए | २३८ | १७५ | १८३ | ११३ | ५०७ | २५६ |
| सिए | ५१४ | ३७४ | ४२४ | १६४ | | |
| आरए. बी | ३३७४ | २१३१ | ३१३१ | १५८९ | ९२९ | ७०१ |
| आरए. सी | १६१० | ९५० | १४७५ | ७६९ | ३३२ | २११ |
| आरए. डी | २२९२ | १३७० | २०९९ | १२०६ | २२८ | १६२ |
| कूल सदस्य | ८०२८ | ५००० | ७३१२ | ३८४१ | १९९६ | १३३० |

# अन्तर्राष्ट्रिय सहभागिता

## International Tax Conference, Hungary



Association of Hungarian Certified Tax Experts का अध्यक्ष र उपाध्यक्षका साथ संस्थाका प्रतिनिधीहरू ।

संस्थाका पार्षद आरए. बद्री प्रसाद भट्टराई र प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारीले हंगेरीको बुडापेष्टमा ५ र ६ जून २०१४ मा The Association of Hungarian Certified Tax Experts and The European Federation of Accountants and Auditors for SMEs (EFAA) ले संयुक्त रूपमा आयोजना गरेको आठौं अन्तर्राष्ट्रिय कन्फरेन्स "Taxation and accounting issues for SMEs"मा संस्थाको तर्फबाट सहभागिता जनाउनु भयो ।

कन्फरेन्समा यूरोप तथा साफाका एकाउन्टिङ्ग र कर क्षेत्रका बिज्ञहरू वीच आ-आफ्नो अनुभव आदान-प्रदान भएको थियो । यूरोपीयन यूनियन अन्तर्गत रहेका देशहरूमा the micro- and macro-environment मा SMEs को महत्वपूर्ण भूमिका रहेको कन्फरेन्समा जानकारी गराइएको थियो । १० मध्ये ९ micro enterprises मा १० जना भन्दा कम कर्मचारीहरू कार्यरत रहेपनि यी संस्थाहरूले आर्थिक क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको जानकारी गराइएको थियो ।

## SAFA Committee, SAFA Board and SAFA Assembly Meeting, Pakistan

पाकिस्तानको इस्लामाबादमा २ र ३ मे, २०१४ मा आयोजित ३२ औं साफा बोर्ड, ७८ औं एसेम्ली बैठकमा उपाध्यक्ष सिए. नरेन्द्र भट्टराईको नेतृत्वमा गएको ४ प्रतिनिधि मण्डलले सहभागिता जनाएको थियो । साथै ३ मे र ४ मे, २०१४ मा क्रमशः आयोजना भएको SAFA BPA Awards, SAARC Anniversary Award र Regional Standards Setter कन्फरेन्समा समेत प्रतिनिधि मण्डलले भाग लिएको थियो ।

प्रतिनिधि मण्डलका अन्य सदस्यहरूमा निबर्तमान अध्यक्ष सिए. मधु विर पाण्डे, पार्षद सिए. प्रकाश लम्साल र आरए. मोहन पराजुली रहनु भएको थियो ।

## SAFA Committee, SFA Board and SAFA Seminar, Maldives




३३ औं साफा बोर्ड मिटिङ्का अन्य सहाभागीहरूका साथ संस्थाका प्रतिनिधीहरू ।

माल्दिभ्समा ८ देखि १० मे, २०१४ सम्म आयोजना भएको ३३ औं साफा बोर्ड र साफा कमिटि बैठकमा अध्यक्ष सिए. महेश कुमार गुरागाईंको नेतृत्वमा गएको ४ सदस्यीय टोलिले सहभागिता जनाएको थियो । साथै उक्त टोलिले SAFA Seminar" Efficiency Managing, Small and Medium Practices समिनारमा समेत भाग लिएको थियो ।

अन्य सहभागीहरूमा पूर्व अध्यक्ष सिए. सुबोध कुमार कर्ण, पार्षदहरू सिए. सुरेश देवकोटा र आरए. डोल प्रसाद दहाल रहनु भएको थियो ।

## CAPA Board, CAPA PFSM Committee Meeting, CAPA Conference, Sri-Lanka

श्रीलंकामा १९ देखि २१ मे, २०१४ सम्म आयोजित CAPA Board, CAPA PFSM Committee Meeting, CAPA Conference मा अध्यक्ष सिए. महेश कुमार गुरागाईंले नेतृत्व गरको ३ सदस्यीय प्रतिनिधि मण्डलले भाग लियो ।

प्रतिनिधि मण्डलका अन्य सहभागीहरूमा उपाध्यक्ष सिए. नरेन्द्र भट्टराई र पार्षद श्री. गुण राज श्रेष्ठ रहनु भएको थियो ।

## सूचना

**विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरुले एक बर्ष इन्टर्नसीप (Internship) गर्नुपर्ने व्यवस्था सम्बन्धमा अत्यन्त जरुरी सूचना**

विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरुले नेपालमा लेखाव्यवसायको काम गर्नको लागि नेपालको लेखाव्यवसाय, लेखापरीक्षण गर्नुपर्ने निकायहरु, नेपालको ऐन नियमहरु, विभिन्न नियमनकारी निकायहरुले जारी गरेका निर्देशिकाहरु सम्बन्धी व्यवहारीक ज्ञान आवश्यक देखिएकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २६ को उपदफा (२) को अधिकार प्रयोग गरी विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरुले यस संस्थाको पेशागत प्रमाणपत्र प्राप्त गर्ने मिति २०७२/०४/०१ देखि तथा यस संस्थाको सदस्यता प्राप्त गर्ने मिति २०७४/०४/०१ देखि कम्तीमा एक वर्ष इन्टर्नसीप (Internship) गर्नु पर्ने व्यवस्था लागू गरिएको व्यहोरा सम्बन्धीत सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाको अनिवार्य रुपमा लेखाव्यवसायी फर्म दर्ता गर्ने बारे सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्टस नियमावली, २०६१ को नियम ५७(१) मा लेखाव्यवसाय संचालन गर्ने सदस्यले एकल (सोल प्रोप्राइटरशीप) वा आफ्नो श्रेणी वा वर्गका एक भन्दा बढी सदस्यहरु साझेदार भई साझेदारी फर्म दर्ता गराउनु पर्नेछ भन्ने व्यवस्था गरिएको छ । हाल यस संस्थाका कति पय सदस्यहरुले यस व्यवस्था बमोजिम लेखा व्यवसायी फर्म दर्ता नगराई लेखा व्यवसाय संचालन गरेको जानकारी प्राप्त भएकोले **२०७१ पौष मसान्त भित्र** लेखाव्यवसाय संचालन गर्ने सबै सदस्यले अनिवार्य रुपमा यस संस्थामा एकल (सोल प्रोप्राइटरशीप) वा साझेदारी लेखापरीक्षण फर्म दर्ता गराउनु हुन जानकारी गराईन्छ । उपरोक्त बमोजिमको समय पश्चात लेखापरीक्षण फर्मको नामबाट मात्र लेखा व्यवसाय संचालन गर्न पाईने व्यहोरा समेत सूचित गरिन्छ ।

टिकट

प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोन: ०१-४२५८५६९/४२६९१३०
फ्याक्स: ००९७७-१-४२५८५६८, इमेल: ican@ntc.net.np, वेवसाइट: www.ican.org.np

शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा